ज.प्र.का.म.द.नं.४८/०७३/०७४

वर्ष ६, अंक २९४
११ साउन २०८० बिहीबार
27 Jul. 2023, Thursday
www.shirishnews.com

पृष्ठ ४ मूल्य रु. ५/-

सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला ।

# झमझम झरी पर्ने समयमा खडेरी



**खबर दर्पण समाचारदाता**

**साउन १० गते, महेन्द्रनगर**

झमझम झरी पर्नुपर्ने साउन महिनामा चैत, वैशाखमा झैँ हावा चलेर खडेरी लम्बिँदा सर्लाहीसहित तराई क्षेत्रका किसान चिन्तित बनेका छन्। पानी नपर्दा यहाँ धान रोपाइँ प्रभावित बनेको छ भने रोपिसकेको रोपो सुक्न थालेको छ।

वर्षाले साथ नदिँदा सुत्ला लाग्न लागेको मकै बाली सुक्न थालेको किसानले गुनासो गरेका छन्। धान खेती हुने फाँट बाँझो छन्। "साउनको यो खडेरीले हामी किसानलाई अत्याँएको छ, पानी नभएर रोपाइँ गर्न पाइएको छैन," लालबन्दी नगरपालिका-५ का किसान कमलप्रसाद बरालले भन्नुभयो, "रोपाइँ भई सक्नुपर्ने खेतमा सुक्खा भएर कमिला दौडिएका छन्। यो वर्ष के खाने होला ! भन्ने चिन्ताले सताउन थालेको छ।"

नहर तथा कुलोको पानी लाग्ने ठाउँ र पप्पसेट चल्ने क्षेत्रमा मात्रै फाट्टफुट्ट रोपाइँ भइरहेको देखिन्छ। नत्र भने आकाशे वर्षा नहुँदा अधिकांश खेतका फाँट बाँझो नै देखिन्छन्। रोपाइँ गर्न आली भित्ता गरेर राखे पनि पानी पर्न नसक्दा किसान चिन्तित बनेका छन्। हरिपुर नगरपालिका-१, जानकीनगरका किसान दीपमान दोङले यो वर्ष मौसमले किसानलाई निराश बनाएको गुनासो गर्नुभयो। असारमा एक/दुई पटक परेको पानीमा हतारमा रोपाइँ गरेका किसानको खेतमा पुग्दा पानी नपरेर धान सुकेको देखेर मन भक्कानिएर आउने गरेको दोङले सुनाउनुभयो। "अहिले सुत्ला च्याप्ने बेला भएको मकैलाई पानी चाहिएको छ, रोपाइँ गर्न नपाउँदा धानको ब्याड (बिउ) छिप्पिएर कामै नलाग्ने भइसक्यो," दोङले भन्नुभयो, "धान रोपिसकेका किसानलाई पनि चिन्ता नै छ, धान खेतमा पूरै धाजा फाटेर सुक्न थालेको छ।"

खेतीको मुख्ययाम साउनको यो खडेरीले यो वर्ष हरेक खाद्यान्नको भाउ बढ्ने भन्दै सर्वसाधारणले चिन्ता व्यक्त गरेका छन्। हरिवन नगरपालिका-१, का किसान विप्लव घिसिङले पानी नपर्दा यो वर्ष मकैको उत्पादन राम्रो हुन नसकेको र धान रोप्ने बेला पनि खडेरी हुँदा महँगी बढ्ने निश्चित रहेको भन्दै चिन्ता व्यक्त गर्नुभयो। दोङका अनुसार पर्याप्त वर्षा नभएकाले यो वर्ष चुरेभेग भएर बग्ने खोलामा पानी नै छैन। कुलोमा पानी घटेकाले पानी पटाउनका लागि किसानबिच हानाथाप नै चलिरहेको छ।

लालबन्दी नगरपालिका-१६, पर वानीपुरका किसान कृष्ण गौतमले पछिल्ला वर्षमा वर्षाले साथ नदिँदा खेती गर्नै गाह्रो पर्न थालेको दुःखेसो पोख्नुभयो। "हिजोआज खेती गर्न कामदार पाइँदैन, जसोतसो खेती लगायो मौसमले पनि साथ दिँदैन," उहाँले भन्नुभयो, "पर्याप्त वर्षा हुनुपर्ने साउन महिनामा यसरी खडेरी परेको छ, यो अवस्थामा किसानले कसरी व्यवहार धान्नु ? खेतबारीमा लगाएको बाली सुकेर गएको छ। आय आर्जनको अन्य माध्यम छैन।"

कृषि ज्ञान केन्द्र मलङ्गवाका प्रमुख देवानन्द यादवले खडेरीका कारण धान रोपाइँमा उल्लेख्य प्रगति हुन नसकेको जानकारी दिनुभयो। "जिल्लामा अहिलेसम्म ४० देखि ५० प्रतिशतको हाराहारीमा रोपाइँ भएको छ," उहाँले भन्नुभयो, "बागमती तथा मनुष्मारा सिँचाइको नहर लाग्ने र पप्पसेट तथा स्यालो ट्युबवेलको सुविधा रहेको क्षेत्रमा ७० प्रतिशत जति रोपाइँ भइसकेको छ तर आकाशे वर्षाको भरमा खेती हुने क्षेत्रमा ३० प्रतिशतजति मात्रै रोपाइँ भएको छ।" अहिलेको खडेरीले आफूहरूलाई चिन्ता थपेको कृषि ज्ञान केन्द्रका प्रमुख यादवले बताउनुभयो। कार्यालयका अनुसार जिल्लामा साढे ४४ हजार हेक्टर जग्गामा धान खेती हुन्छ।

# श्रीमतीको हत्या आरोपमा श्रीमान पक्राउ

**खबर दर्पण समाचारदाता**

**साउन १० गते, बारा**

श्रीमानले श्रीमतीको घाँटी काटेर हत्या गरेका छन् । सिमौनगढ नगर पालिका-६ बजार टोलस्थित ससुर ाली बस्दै आएको राज चुडिहारले बुधबार बिहान ३ बजेको समयमा सुतिरहेकी २७ वर्षीया श्रीमती आसमी चुडिहारलाई धारिलो हतियारले घाँटीमा पटकपटक प्रहार गरी हत्या गरेका हुन् ।

स्थानीय जाहिर चुडीहारका ज्वाइ भारत बिहार राज्यको पूर्वी चम्पारण जिल्लाको पोखरिया निवासी ३६ वर्षीय राज चुडिहार विगत एक महिनादेखि ससुराली सिमौनगढमा बस्दै आएका थिए । राज चुडिहार श्रीमतीको हत्या गरी भाग्न खोज्दा स्थानीयहरुले नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय सिम्रौनगढमा बुझाएको मृतकका बुबा जहिर चुडिहारले जानकारी दिनुभयो ।

श्रीमान र श्रीमतीबीच विगत एक महिनादेखि आपसी विवाद हुँदै आएको स्थानीयहरुले बताएका छन् । श्रीमतीको हत्या गर्ने राज चुडिहारलाई नियन्त्रणमा लिई घटनाबारे थप अनुसन्धान सुरु भएको प्रहरी निरीक्षक जितेन्द्रकुमार साहले जानकारी दिनुभयो । मृतकका दुई छोरा र एक छोरी छन् ।

चालू आर्थिक वर्षको ११ महिनामा १८८८ उजुरी परेकोमा ८६३ वटा घरेलु हिंसाको मुद्दा रहेको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र कलैयाले जनाएको छ । यस्तै कर्तव्य ज्यान १० र ज्यान मार्ने उद्योग ३९ वटा दर्ता भएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

**मादक पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं ।**
**दुर्घटनाबाट आफू पनि बचौं अरुलाई पनि बचाऔ ।**


# बैंक डकैती घटनामा संलग्न रहेको आरोपमा थप एक जना पक्राउ


**खबर दर्पण समाचारदाता**

**साउन १० गते, महोत्तरी**

महोत्तरीको महोत्तरी गाउँपालिका-२ मा रहेको एनएमबी बैंक लुटेर भागेकामध्ये एक जनालाई प्रहरीले पक्राउ गरेको छ।

गत जेठ १६ गते दिउँसो भएको बैंक लुटपाटको घटनामा संलग्न लुटेरामध्ये एक भारतीयलाई बुधबार प्रहरीले पक्राउ गरेको हो। घटना भएको ५७ दिनपछि प्रहरीले लुटेरा समूहको एक जनालाई पक्राउ गर्न सफल भएको हो। जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी प्रवक्ता दिलिपकुमार गिरीले बैंक लुट्ने भारत, बिहार राज्यअन्तर्गत पर्ने





मधुवनी जिल्ला फुलहर गाउँ गोपालपुर १३ हरलाखी टोलका २० वर्षीय अजय कुमारलाई जिल्ला प्रहरी कार्यालय महोत्तरी र मधेस प्रदेश प्रहरी कार्यालयको संयुक्त टोलीले महोत्तरीको मटिहानी-८ बाट पक्राउ गरेको जानकारी दिए।

नकाबधारी ४/५ जना लुटेराको समूहले बैंकमा पेस्तोल देखाएर १५ लाख १ हजार ४ सय ९३ नगद र कर्मचारीको मोबाइलसमेत लुटेर फरार भएका थिए। उनीहरु नम्बर नखुलेको दुई वटा मोटरसाइकल चढेर भागेका थिए।

पक्राउ परेका अजय कुमारलाई महोत्तरी जिल्ला अदालतबाट ७ दिन म्याद थप गरी अनुसन्धान भइरहेको छ। लुटमा संलग्न अन्यको पहिचान भई सकेको र उनीहरुको खोजी तीव्र पारिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।


# जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

**Hot line number**
9748457490 / 9748457491

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**सम्पर्क नं.** 9854028392 / 9854021392 / 9801528392

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

**२४ औं घण्टा उपलब्ध सेवा**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ज्ञ्दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

## सम्पादकीय

# दण्डहीनताको कुचक्रमा मुलुक

लाज्जाबोध नगरी कानुनमन्त्री धनराज गुरुङले मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन २०७४ संशोधन विधेयक संसद्मा पेस गरेका छन्। राजनीतिक आडमा जस्तोसुकै गम्भीर एवं अक्षम्य अपराधमा पनि उन्मुक्ति दिने गरी कानुन संशोधन गर्ने प्रस्ताव ल्याएका छन्।

सत्ताको चरम दुरूपयोग गरी कांग्रेसलगायत गठबन्धन दलको बहुमतका बलमा, शान्तिपूर्ण राजनीतिमा ल्याउने बहानामा, दण्डहीनतालाई संस्थागत गर्ने विधेयक अघि सारेका छन्। चौतर्फी विरोधलाई वास्ता नगरी लोकतन्त्रलाई विकृत तुल्याउने प्रयास गरेका छन्। दण्डहीनताको दुष्चक्रमा मुलुकलाई नराम्रोसँग फसाउँदै छन्। न्याय तथा मानव अधिकारको घाँटी निमोठ्ने कानुन बनाउन नागरिकका आस्थाको केन्द्र संसद्को दुरूपयोग गर्दैछन्।

यो विधेयक संसद्मा 'टेबल' भएपछि एक शालीन अधिवक्ता राजु चापागाईंले सामाजिक सञ्जालमा आक्रोश व्यक्त गर्दै लेखे-राष्ट्रिय गौरवको महान् क्रान्तिकारी योजना-यथाशीघ्र मुलुकलाई एक नम्बर 'दण्डहीन देश' बनाउने हो? नेताहरू हो थोरै पनि नैतिकता छ भने मुलुकमाथि यो नयाँ परिचय थोपर्ने काम नगर! मुलुकको अनुहारमा कालो पोत्ने काम नगर!

यतिबेला सरकारको नेतृत्व नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले गरेका छन्। सुशासनको प्रत्याभूत गर्ने वचन बारम्बार दोहोऱ्याउँदै आएका छन्। ललिता निवास र नक्कली भुटानी शरणार्थीसम्बन्धी संगठित अपराध प्रकरणमा प्रशंसासमेत बटुलेका छन्। साथै गृहमन्त्री नारायणकाजी श्रेष्ठले अनुसन्धान प्रक्रियामा दिएका समर्थन एवं सहयोगले प्रहरी संगठनको मनोबल एवं छवि उच्च बनाउने काम भएको छ। राजनीतिक हस्तक्षेप नरहेको अवस्थामा संगठनले कसरी आफ्नो व्यावसायिक कुशलता देखाएर दण्डहीनतालाई निरुत्साहित गर्न सक्छ भन्ने प्रदर्शन गरेको छ।

तर यसविपरित प्रवक्ता एवं सूचना तथा सञ्चार प्रविधिमन्त्री रेखा शर्माले केही दिनअघि जनकपुरमा एक विवादास्पद धारणा राखिन्। ९ केजी सुन तस्करी प्रकरणमा माओवादी केन्द्रका उपाध्यक्ष कृष्णबहादुर महराको संलग्नता नरहेको दाबी गरेर प्रहरी प्रशासनलाई राजनीतिक दबाब दिएकी छन्।

शंकाको घेरामा रहेका व्यक्ति निर्दोष भएको ठहर गरेकी छन्। यसलाई पत्रिकाको दुष्प्रचार भएको ठानेकी छन्। जबकि पत्रपत्रिकामा प्रकाशित समाचारबाट ठूलठूला भ्रष्टचार काण्ड खुलेका छन्। पछिल्लो उदाहरण-नेपाल आयल निगमका तत्कालीन प्रमुख गोपाल खड्काको भ्रष्टाचारलाई लिन सकिन्छ।

# सरकारी जागिरको मोह

- मीना मरासिनी

शाखा अधिकृत पदका लागि लोक सेवा आयोगले लिएको पहिलो चरणको परीक्षाको नतिजा हालै सार्वजनिक भयो। २०७९/८० का लागि ३१८ जना शाखा अधिकृत पदको विज्ञापन खुलेकोमा १५ हजार ९८४ जनाले परीक्षा दिएका र त्यसमध्ये पाँच हजार ९६७ जनाले मात्र पहिलो चरण उत्तीर्ण गरेको लोक सेवा आयोगको तथ्याङ्कले देखाउँछ।

अर्थात् यस पटक शाखा अधिकृतको विज्ञापनमा कुल माग गरिएको पदसङ्ख्या भन्दा ५० गुणा धेरैले आवेदन गरेका छन्। त्यस्तै लोक सेवा आयोगको ६३ औँ वार्षिक प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७८/७९ मा खुलेका तीन हजार ७२७ वटा पदका विज्ञापनमा कुल तीन लाख ६५ हजार ४३४ जनाले दरखास्त दिएका थिए। एक आर्थिक वर्षभरिमा लोक सेवा आयोगबाट खुल्ने विज्ञापनमा कुल माग पदसङ्ख्याभन्दा ९८ गुणा धेरै आकाङ्क्षीले जागिरका लागि आवेदन गर्ने गरेको यसबाट देखिन्छ।सङ्घ, प्रदेश, स्थानीय तह, शिक्षक, सेना तथा प्रहरी, सरकारी संस्थान तथा अन्य सङ्गठित संस्थामा लोक सेवा आयोगबाट लिइने परीक्षामा परीक्षार्थीको चाप बर्सेनि बढ्दै गइरहेको छ। लोक सेवा तयारीको नाममा च्याउ जस्तै खुलेका ट्युसन संस्था तथा अनलाइन प्लाटफर्मको सङ्ख्या, नाम चलेका ट्युसन संस्थामा लोक सेवा परीक्षाको तयारीका लागि देखिने युवाको भिड, कुनै पनि पदको विज्ञापन पत्रिकामा प्रकाशन हुनेबित्तिकै बजारमा त्यसको तयारी पुस्तक निकालिहाल्ने लेखकको बग्रेल्ती सङ्ख्या र पुस्तकको रासका साथै निःशुल्क भिडियो स्ट्रिमिङ कक्षामा जोडिएका सरकारी जागिरका आकाङ्क्षीको सङ्ख्याले पनि सरकारी जागिर प्रतिको आकर्षणलाई पुष्टि गर्दछ।

वास्तवमा निम्न तथा मध्यमवर्गीय परिवारका, पढाइमा औषतभन्दा राम्रै रहेका तथा विदेश जाने मन नगरेका वा त्योभन्दा पनि आर्थिक हैसियतले तत्कालै नभेट्ने युवाका लागि निजामती सेवा वा अन्य सरकारी सेवाका जागिर आशा र आकर्षणको केन्द्र बनिरहेका छन्। अझ सरकारी जागिर भनेपछि नाक खुम्च्याउने र निजी क्षेत्र वा विदेशतिर आकर्षित हुने कतिपय सम्भ्रान्त परिवारका छोराछोरीसमेत पछिल्लो समय सरकारी जागिरमै लाग्न लोक सेवाको परीक्षा तयारी गर्ने प्रचलन बढेको छ। युवा पलायन तथा प्रतिभा पलायनको भयानक रोगले नेपाली समाजलाई नराम्रोसँग गाँजिरहेको बेला सक्षम युवा सरकारी जागिरमा आकर्षित बनेर देशभित्रै सेवा गर्न इच्छा देखाउनु खुसीकै कुरा हो तर सरकारी सेवाप्रति बढेको आकर्षणभित्र लुकेका बाध्यताजन्य यथार्थ तथा कतिपय नखुलेका पाटालाई भने बेवास्ता गर्न सकिँदैन।

मुख्य सरकारी सेवाको रूपमा रहेको निजामती सेवामा अहिले करिब ८८ हजार जना कर्मचारी रहेकामा त्यसको करिब २७ प्रतिशत अर्थात् २३ हजारभन्दा धेरै महिला कर्मचारी रहेको सरकारी तथ्याङ्कले देखाउँछ। निजामती सेवालाई समयसापेक्ष बनाउने र विश्वको सार्वजनिक प्रशासनमा आएका नयाँ व्यवस्थापकीय सिद्धान्तको प्रयोग गर्ने भन्दै विसं २००९ देखि नै विभिन्न आयोग तथा सुधार समिति बनाइए र त्यस्ता संयन्त्रले दिएका सिफारिस धेरथोर कार्यान्वयन पनि हुँदै आए। निजामती सेवालाई समावेशी बनाउने भन्दै गरिएको आरक्षणको व्यवस्थाले सरकारी सेवामा विभिन्न जातजाति, क्षेत्र र लिङ्गको समुचित प्रतिनिधित्व तथा पहुँचको सुनिश्चितता मात्र होइन, सरकारी सेवाप्रति सबै वर्गको अपनत्व र आकर्षण बढाउने काम पनि भएको छ। समय समयमा पाठ्यक्रममा परिमार्जन गर्दै समयसापेक्ष तथा पद अनुकूलको ज्ञान, सिप र क्षमतामा आधारित बनाउने प्रयाससमेत गरिएको छ, जसले नेपालको निजामती सेवामा भर्ना तथा छनोटको प्रक्रिया सुधारोन्मुख छ भन्ने देखाउँछ। लोक सेवामा बढ्दै गएको आकर्षणको एउटा कारण यसको बदलिँदो पाठ्यक्रमका साथै छनोटमा निष्पक्षता र योग्यता प्रणाली पनि हो तर अहिलेको अवस्थामा स्वीकार गर्नैपर्ने कुरा के हो भने, नेपालको सरकारी जागिर आफैँमा आकर्षक भएकाले यति धेरै युवा सरकारी नोकरीमा लालायित भएका होइनन्, युवामा लोक सेवाको भुत चढ्नु बाध्यताको उपज हो।

वन रक्षक तथा खरिदार जस्ता तल्ला तहका पदमा समेत स्नातकोत्तर गरेका युवाले दरखास्त दिने र छनोट भएर सेवामा प्रवेश गर्ने गरेका छन्। पछिल्लो समयमा विज्ञान विषय अध्ययन गरेर स्नातकोत्तर गरिसकेका विद्यार्थी खरिदारदेखि शाखा अधिकृतसम्मकै पदमा नियुक्त हुने दर बढिरहेको छ। आफूले जीवनको उर्बर समयमा गरेको मेहनत र लगानीका साथै पढेको विषयभन्दा नितान्त फरक तथा योग्यताभन्दा तल्लो तहको जागिर खानसमेत युवा मरिहत्ते गरिरहेका छन्। पढेका विषय र जागिर खान खोजेको क्षेत्रबिच आकाश पातालको अन्तर छ। कहिल्यै नसुनेका प्रशासनका विषय तथा ऐन नियम कनीकुथी पढेर सरकारी जागिर खाने अभिलाषा पालेका छन्। अनुसन्धानकै क्षेत्रमा प्रगतिको सम्भावना भएका समेत तल्लो तहको भए पनि सरकारी जागिर खान चाहनु बाध्यता हो। एकातर्फ शिक्षित बेरोजगारको सङ्ख्या बढ्दै जानु र अर्कातर्फ निजी क्षेत्रमा रोजगारीका अवसर कम हुनु, जागिरको सुरक्षा नहुनुले युवा स्थायी सरकारी जागिर खोज्न बाध्य छन्। धेरै युवासँग सरकारी जागिर खाएर ठुलो प्रगति गर्ने सपना हुँदैन। स्थायी जागिर भएपछि जागिर गुम्ने डर नहुने र जेनतेन परिवार पाल्न सकिने धारणा छ उनीहरूको। निजी क्षेत्रमा भने योग्यता र क्षमताभन्दा पनि चिनजान, नातावाद र कृपावादको हालीमुहाली हुने भएकाले लोक सेवा आयोगले योग्यताको कदर गर्ने र निष्पक्ष परीक्षा गराउने विश्वासमा पनि छन् सर्वसाधारण युवा।

योग्यता र क्षमताको उपयोग गर्ने उपयुक्त क्षेत्रको अभावमा धेरै युवा रोजगारीको खोजीमा विदेश पलायन भइरहेका छन्। विदेश नजानेहरू शैक्षिक योग्यताको प्रमाणपत्र बोकेर लोक सेवाको ढोका ढकढकाइरहेका छन्। विश्वविद्यालयको शिक्षा पूरा गरेका युवाले श्रम बजारमा आफ्नो रुचि, क्षमता तथा योग्यता अनुसारको काम वा जागिर पाउने भए र आफूले राम्रो काम गरुन्जेल नोकरी सुरक्षित हुन्छ भन्ने विश्वास भएको भए किन सरकारी जागिरको नाममा जुनसुकै पदका लागि समेत ज्यान फालेर सामान्य ज्ञान घोक्नुपर्ने बाध्यता हुन्थ्यो र ! भ्रष्टाचार, ढिलासुस्तीको आरोप लागेको निजामती प्रशासन जहाँ न वृत्ति विकासको प्रस्ट अवसर छ, न त योग्यता र क्षमताको कदर।पहुँचवालाले मालदार ठाउँमा सरुवा पाउने तर इमानदार तथा सक्षम कुण्ठित भएर बस्नुपर्ने नेपालको निजामती सेवामा छिर्नु अवश्य पनि ऊर्जाशील युवाको रहर होइन। उद्यमशील युवा सरकारी जागिरको साँघुरो घेराभित्र पसेपछि अन्य सम्भावनाका ढोका बन्द हुने डर पनि हुन्छ। त्यसैले यस्ता युवा निजामती सेवामा जान चाहँदैनन् तर अरू क्षेत्रमा कुनै अवसर र सम्भावना नरहेको, शैक्षिक योग्यताको प्रमाण पत्र झोलामा खाँदेर खाडी मुलुक छिर्न मनले नदिने र आफ्नै व्यवसाय गर्न पुँजी र उपयुक्त वातावरण नभएकाका लागि सरकारी जागिर एक मात्र विकल्प बनेको छ। त्यसैले युवामा सरकारी जागिरप्रतिको मोह जसरी बढेको छ, त्यो निजामती सेवालगायत कुनै पनि सरकारी सेवाको बढ्दो आकर्षणका कारण होइन। बेरोजगार तथा असुरक्षित भविष्यका कारण तड्पिएका युवाको बाध्यता हो। गोरखापत्रबाट

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# सय किलो सुनको मालिक को? राजस्वको 'रेडार' मा यी तीन व्यापारी

## हङकङमा व्यवसाय गर्ने राकेश अडुकियाले सुन समातिए लगत्तै नेपाल छाडे



साउन २ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल बाहिरबाट बरामद करिब सय किलो सुनको मालिक पत्ता लगाउन राजस्व अनुसन्धान विभागले तीन जना व्यापारीमा अनुसन्धान केन्द्रित गरेको छ।

हङकङबाट आएको सुन विभागको टोलीले नै समातेको थियो, जसको अनुसन्धानमा अहिले प्रहरीले समेत सहयोग गरिरहेको छ।

बुधबार साँझसम्म यसमा संलग्न दुई विदेशीसहित १७ जनालाई पक्राउ गरेको राजस्वले केही व्यापारिक घरानालाई केन्द्रमा राखेर अनुसन्धान थालेको छ। अहिलेसम्म पक्राउ परेकाहरु बिचौलिया र भरिया मात्रै भएको राजस्वको प्रारम्भिक निष्कर्ष छ।

राजस्वको अनुसन्धान रेडारमा तीन जना व्यवसायी छन्। राकेश अडुकिया, दीपक मलहोत्रा र अर्का एक सुन व्ययवसायीमाथि अनुसन्धानको सुई केन्द्रित गरिएको अनुसन्धानमा संलग्न उच्च अधिकारीले मंगलबार साँझ नेपालखबरलाई बताए। अडुकिया र मलहोत्रा पनि विगतमा सुन तस्करीमा जोडिएका व्यावसायी हुन्।

सेयर कारोबारी समेत रहेका अडुकियाको घरमा राजस्वको टोलीले बुधबार छापा मारेको छ। केही सामान बरामद गरेको विभागले उनका गतिविधि नियालिरहेको छ।

अडुकिया भाग्न सक्ने आशंकामा राजस्व विभागले उनको पासपोर्ट कालो सूचीमा राख्न अध्यागमन विभागमा पत्राचार गरेको छ। तर करिब सय किलो सुन समातिएको २-३ दिनभित्रै अडुकियाले देश छाडिसकेको सो उच्च स्रोतको भनाइ छ। जुन सूचना राजस्व विभागले समेत पाइसकेको छ।

अडुकियाले देश छाड्नु र सम्पर्कविहीन हुनुले उनकै संलग्नतामा सुन कारोबार भएको राजस्वको आशंकामा थप बल पुगेको छ। तस्करीको सुन बरामद हुनासाथ नाम जोडिएपछि पत्रकार सम्मेलन गरेर खण्डन गरेका दीपक मलहोत्रा पनि राजस्वको निगरानीमा छन्।

तर राजश्वका उच्च अधिकारी भन्छन्, 'कहीं न कहीं मलहोत्राको संलग्नतामा शंका गर्ने प्रमाण हामीसँग छन्। कति संलग्नता खुल्छ, हेर्दैछौं।'

राजस्वले सबैभन्दा नजिकबाट अर्का एक व्यापारीलाई नियालिरहेको छ। उनी सुनकै कारोबार गर्छन्। उनीबाट ठूलो मात्रामा सुन किनेका काठमाडौंका सुन व्यावसायीसम्म राजस्वको टोली पुगिसकेको छ।

'ती व्यापारीका सुन कारोबारका चार वटा लेयर देखिएका छन्। उनले गाउँबाट ल्याएर गालेको सुन भन्दै बेच्दा रहेछन्,' राजश्वका अधिकारीले भने, 'व्यवसायीले पटकपटक उनीबाट सुन खरिद गरेको प्रमाण भेटिसकेका छौं।'

अहिले राजस्वको अनुसन्धान टोलीले सबै संयन्त्र प्रयोग गरेर यी नै तीन जनाका सूचना संकलन र उनीहरुसँग जोडिएका व्यक्तिमाथी निगरानी बढाइरहेको छ।

'अहिले हाम्रो सबै प्रयास अनुसन्धानलाई निचोडमा पुर्‍याउन केन्द्रित छ, हामीसँग समय पनि पर्याप्त छ। अहिले अनुसन्धान टोली जिम्मेवारी बाँडफाँट गरेर ठोस प्रमाण जुटाउन लागिरहेको छ, व्यक्ति भाग्नु र अस्वीकार गर्नुको अर्थ छैन,' ती अधिकारीले थपे।

राजस्व अनुसन्धान विभागले यो मुद्दामा अनुसन्धान गर्नका लागि ९० दिनको समय पाउँछ। ९० दिनसम्म हिरासतमा राखेर अनुसन्धान गरेपछि उच्च अदालतमा मुद्दा दायर गर्नेछ।

हङकङ हुँदै नेपाल भित्रिएको सुन जफत गरेको ८ औं दिन भइसकेको छ। राजस्वको अनुसन्धान टोली तस्करको नेपालदेखि हङकङसम्मको कनेक्सन केलाउँदैछ। तर सुन तस्करीका नाइके किटान गर्ने गरी अन्तिम तहसम्म पुग्न समय लाग्ने राजस्वका अधिकारी बताउँछन्।

'अहिले अनुसन्धान जुन दिशामा अगाडि बढिरहेको छ, हामी सफल भएका छौं, मुख्य कुरा सुन कसको हो भन्ने पत्ता लगाउनु नै हाम्रो चुनौती हो, अनुसन्धान साँघुरिँदै गएको छ,' ती अधिकारीले भने।

**रेडी ट्रेड तस्करीकै लागि खडा**

हङकङबाट सामान पठाउँदा रेडी ट्रेड कम्पनीको नाममा पठाइएको थियो। तर यो कम्पनी भने सामान्य ज्यामीको नाममा रहेको खुलेको छ। नत रेडी ट्रेडले ठूलो कारोबार नै गरेको भेटिएको छ। केही महिनादेखिको कारोबार हेर्दा यो कम्पनीका नाममा ५ सय डलरको मात्रै कारोबार भएको पाइएको छ।

'यी संस्था यस्तै उदेश्यका लागि स्थापना भएका देखिन्छन्, तर जसको नाममा कम्पनी छ, त्यो पत्याउने आधार देखिँदैन। उनलाई केही रकम दिएर प्रयोग गरिएको हुनसक्छ। उनलाई त आफ्नो नाममा भएको कम्पनीको बारेमा सामान्य जानकारी समेत छैन,' राजश्वका अर्का एक अधिकारीले भने, 'ठूला व्यापारी पर्दापछाडि बसेर ती सामान्य व्यक्तिको नामको कम्पनी सुन कारोबारमा प्रयोग गरेको देखिन्छ।'

सुनको कारोबार खोज्दै राजस्वको टोली केही वित्तीय संस्थासम्म पनि पुगेको छ।

'पैसा कहाँ जेनेरेट भइरहेको छ र कहाँ गएको छ भन्ने कुरा पनि हामी केलाउँदैछौं। तर एउटा वित्तीय संस्था यसमा संलग्न रहेको प्रमाण नै हामीले फेला पारेका छौं,' राजश्वका अधिकारीले भने।

**भन्सारकै कर्मचारीले म्यासेज पठाएपछि हङकङमै रोकियो अन्तिम खेप सुन**

विमानस्थल भन्सार कार्यालयका कर्मचारी तस्करीमा प्रत्यक्ष संलग्न रहेको प्रमाणले पुष्टि गरिसकेको छ। एक्स रे मेसिनमा रहेका अधिकार ीसहित तीन जना तस्करीको सुन छिराउन सहयोगी देखिएका छन्। जबकि उनीहरुलाई ब्रेक शुमा सुन ल्याइएको छ भन्ने सजिलै जानकारी हुनसक्थ्यो।

भन्सारका अधिकारी नै भन्छन्, 'उनीहरु पहिल्यै जानकार थिए भन्ने कुरा सीसीटीभी फुटेजबाट पनि पुष्टि भइसकेको छ। एक्स रे मेसिन हेर्ने कर्मचारीले त कति सुन छ भन्ने पनि सहजै अनुमान लगाउन सक्थे। तर उनले बिनाअवरोध सुन पास गराए।'

सीसीटीभी फुटेजमा भन्सारकै अर्का कर्मचारी भने अलिक अलमलमा परेको देखिएका छन्।

अनुसन्धान अधिकारी भन्छन्, 'उनी चस्मा मिलाउँदै पल्टाइपल्टाइ सामान हेर्छन्। अनि पास गरिदिन्छन्। उनलाई पनि तस्करीको सामान आएको हो भन्ने जानकारी थियो, तर सुन नै आएको भन्ने प्रष्ट नभनिएको हुनसक्छ।'

जबकि १५५ किलो सुन व्यक्तिले बोक्न सक्ने कुरै थिएन। यहीँबाट सुन तस्करी भएको आशंका गर्ने ठाउँ थियो। भन्सारमा खाली ट्याक्सी जान पाउँदैन। तर प्रहरीले त्यो ट्याक्सीलाई भने सहजै प्रवेश दिएको छ।

ट्याक्सीमा सुन लोड गरेर चिनियाँ नागरिकको बालुवाटारस्थित गोदाममा लैजाँदै गर्दा विमानस्थल बाहिर राजस्वले पक्राउ गर्‍यो। सुन पक्राउ गर ेको २ घण्टाभित्रै हङकङमा त्यो सूचना चुहिएपछि भोलिपल्ट अर्को लट सुन नै नेपाल भित्रिएन र त्यहीं रोकियो।

'हङकङबाट थप सुन आउँदैछ भनेर हामीले एक दिन अप्रेसन होल्ड गर्‍यौं। तर सूचना लिक भएछ। त्यो सामान आएन, सूचना चुहाउने पनि भन्सारकै कर्मचारी हुन्। उनीहरुले गरेका म्यासेज भेटिएका छन्,' ती अधिकारीले भने।

चिनियाँ नागरिक लिनको गोदाममा फेला पर्‍यो राष्ट्र बैंकको भन्दा ठूलो सुन गाल्ने मेसिन

**टक्सारमा पुर्‍याएको सुन किन जोखिएन**

राजस्व अनुसन्धान विभागले बरामद गरेको सुन राष्ट्र बैंकको टक्सार महाशाखामा सिलबन्दी गरेर राखिएको छ। बरामद सुन कति छ भन्ने यकिन भइसकेको छैन। ब्रेक शु प्याकिङसहित जोख्दा १५५ किलो भएको छ। तर त्यसमध्ये सुन कति छ भन्ने छुट्टिएको छैन। करिब सय किलो सुन भएको राजस्वको अनुमान छ।

सुन अझै केही समय नजोखिने राजस्व अनुसन्धान विभागका महानिर्देशक नवराज ढुंगानाले बताए। ढुंगानाका अनुसार पक्राउ परेका व्यक्तिहरुलाई उक्त सामान सनाखत गराइनेछ। उनीहरुले भन्सारबाट आएको सामान जस्ताको तस्तै नदेखाए उक्त वस्तु आफूले ल्याएको/पास गराएको बयानमा अस्वीकार गर्न सक्छन्।

त्यही भएर बयान नहुन्जेल सुन गालेर जोखिने छैन।

'सुन समातेपछि त्यो ल्याउने कार्यमा रहेका व्यक्तिहरुलाई कस्तो अवस्थाको सुन भित्रिएको हो, यसमा संलग्न व्यक्तिहरुबाट प्रमाणित गराउनुपर्ने हुन्छ र हामीले गालेको सुन देखायौं भने उसले यो सामान मेरो होइन भन्न सक्छ। यही कारण केही समय होल्ड गरिएको हो,' महानिर्देशक ढुंगानाले भने।

**अनुसन्धानमा प्रहरीको टोली नै**

राजस्व अनुसन्धान विभागले सुन बरामद गरेको झण्डै एक सातापछि अनुसन्धानमा प्रहरीलाई पनि सामेल गराएको छ। तर ढुंगानाले भने पहिल्यैबाट प्रहरीको पनि सहयोग लिइरहेको बताए।

'व्यक्ति पक्राउमा हामीले पहिलेदेखि नै नेपाल प्रहरीको सहयोग लिएका थियौं। अहिले औपचारिक रुपमा प्रहरीको टिम हामीसँग सामेल भएको छ। जिम्मेवारी बाँडफाँट गरेर काम गरिरहेका छौं,' ढुंगानाले भने, 'यो अहिलेसम्मकै ठूलो अनुसन्धान भएकाले यसमा हामीलाई प्रहरीको साथ चाहिन्छ।'

'पहिलो, यसरी सुन नेपाल भित्र्याउने काम अवैध हो। यसमा संलग्नहरुको खोजी कार्यका लागि प्रहरीको सहयोग नभई हुँदैन, फरेन्सिक ल्याब उनीहरुकै छ, सीसीटीभी र सीडीआर (कल डिटेल रेकर्ड) हेर्न पनि प्रहरी नभई हुँदैन,' ढुंगानाले भने।

राजस्वले माग गरेपछि नेपाल प्रहरीका प्रहरी उपरीक्षक (एसपी) कृष्णप्रसाद पंगेनीको नेतृत्वमा टोली खटाएको छ। यस्तै सशस्त्र प्रहरी राजस्वमै र हन्छ। *सागर न्यौपाने/ उजिर कार्की, नेपालखबरबाट*

## चिनियाँ नागरिक लिनको गोदाममा फेला पर्‍यो राष्ट्र बैंकको भन्दा ठूलो सुन



हङकङबाट आएको सय किलो सुन प्रकरणमा पक्राउ परेका चिनियाँ नागरिक जिक्वाङ लिनको काठमाडौंस्थित गोदाममा सुन गाल्ने ठूलो मेसिन फेला परेको छ।

राजस्व अनुसन्धान विभागको टोलीले बालुवाटारस्थित उनको गोदाममा छापा मार्दा सुन गाल्ने मेसिन फेला परेको हो।

राजस्व स्रोतका अनुसार उनको गोदाममा फेला परेको मेसिन राष्ट्र बैंकसँग रहेको भन्दा बढी क्षमताको छ। लिन एक वर्षदेखि नेपालमा कम्पनी खोलेर बसिरहेका छन्।

उनले यसअघि पनि तस्करीको सुन भित्र्याएको र त्यही गोदाममा गालेर बेचेको आशंका राजस्वले गरेको छ। उनको नाममा नेपालमा ल्यान्ड एण्ड ओसियन इन्टरनेशनल लजिस्टिक प्राइभेट लिमिटेड सञ्चालनमा थियो।

'लिनको गोदाममा सुन गाल्ने मेसिनसहितका सामाग्री बरामद भएका छन्। जुन राष्ट्र बैंकसँग भएको भन्दा ठूलो र बढी क्षमताको छ,' र ाजस्व स्रोतले भन्यो, 'राष्ट्र बैंकले हामीले बरामद गरेको सुन गाल्न एकैदिनमा सक्दैन। तर चिनियाँको मेसिनले छिट्टै गालिसक्ने रहेछ।'

राजस्व विभागको टोलीले विमानस्थलबाट ट्याक्सीमा बाहिर लैजाँदै गर ेको अवस्थामा ब्रेक शुभित्र लुकाएको करिब सय किलो सुन बरामद गरेको थियो। उक्त ट्याक्सीमा लैजाँदै गरेको सामान चिनियाँको गोदाममा लैजान लागिएको बयानपछि राजस्वले गोदाममा छापा मारेको हो।

गोदामबाट थप सामान बरामद भएको थियो। तर ती सामानभित्र सुन र हे नरहेको खुलाइएको छैन।

पक्राउ परेका चिनियाँ एक वर्षदेखि नेपालमै, महाराजगञ्जमा थियो कार्यालयपक्राउ परेका चिनियाँ एक वर्षदेखि नेपालमै, महाराजगञ्जमा थियो कार्यालय

यता प्रहरीले सुन प्रकरणमा पक्राउ गर्न थालेपछि चिनियाँ नागरिक लिन भने स्वदेश फर्किने तयारीमा थिए। उनी फर्किन लाग्दा विमानस्थलबाट प्रहरीले पक्राउ गरेको थियो।

विभागले पत्र पठाउँदै उनलाई ब्ल्याक लिस्टमा राख्न पत्र पठाएको थियो। अध्यागमनले सोही अनुसारको सूचना विमानस्थल सुरक्षा प्रहरी कार्यालयलाई दिएपछि लिन पक्राउ परेका हुन्।

लिन २०२२ को सेप्टेम्बर २८ मा तीन महिनाको भिजिट भिसामा नेपाल आएका थिए।

तर त्यसपछि पटक पटक भिसा थप गर्दै नेपालमै बसिरहेका थिए। २०२३ मार्च १० गते पनि तीन महिनाको भिजिट भिसा थपेर नेपाल बसे।२०२३ अप्रिल १६ मा तेस्रो पटक तीन महिनाको भिजिट भिसा थपेका उनले अन्तिम पटक २०२३ मे ११ मा तीन महिनाको व्यापारिक भिसा लिएका थिए। त्यो भिसाको म्याद २०२३ अगस्ट ९ सम्म थियो।

यो प्रकरणमा राजस्वको टोलीले अहिलेसम्म १७ जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा चिनियाँ नागरिक लिन, एकजना तिब्बती मुलका भार तीय नागरिक छन्। अरु अध्यागमन विभागका कर्मचारी, भन्सार एजेन्ट समेत छन्।

# जनकपुरमा बहुउद्देश्यीय रङ्गशाला निर्माणका लागि भारतबाट डिपीआर माग



**खबर दर्पण समाचारदाता**

**साउन १० गते, जनकपुर**

जनकपुरधाममा श्रीराम-जानकी बहुउद्देश्यीय रङ्गशाला निर्माणका लागि भारत सरकारले नेपाल पक्षबाट विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) माग गरेको छ ।

अभियानकर्मी दिनेश पूर्वेको आग्रहमा राष्ट्रिय खेलकुद परिषद्ले विसं २०७८ पुस २१ गते नेपाल सरकार खेलकुद मन्त्रालयलाई पत्र लेखी 'नेपाल र मित्रराष्ट्र भारतको सम्बन्धस्वरूप रामायण सर्किटको आधारस्तम्भ धनुष महायज्ञ स्वरूपको रङ्गशाला' निर्माणका लागि पहल गरिदिन आग्रह गरेकोमा भारत पक्षले लगानीका लागि डिपीआर माग गरेको हो ।

राष्ट्रिय खेलकुद परिषदबाट प्राप्त जानकारीअनुसार मित्रराष्ट्र भारतले लगानी सुनिश्चितताका लागि नेपाल पक्षबाट प्रतिवेदन माग भएकाले सोहीअनुसार मधेस प्रदेश सरकारलाई आवश्यक बजेट विनियोजनका लागि अनुरोध भइसकेको छ ।

'यस राष्ट्रिय खेलकुद परिषद्को मिति २०७८/९/२१ को पत्र कार्यान्वयन भई मित्रराष्ट्र भारतबाट डिपीआर माग भई आएकाले त्यसका लागि आवश्यक पर्ने बजेट विनियोजन गर्न आवश्यक पहल एवं सहयोग गरिदिनहुन परिषद्का सदस्य सचिवस्तरीय निर्णयअनुसार मुख्यमन्त्रीज्यू समक्ष अनुरोध गर्दछु', परिषद्का कानून शाखा प्रमुख नारायणराज अर्यालद्वारा हस्ताक्षरित विवरणमा भनिएको छ ।

अभियानकर्मी पूर्वेले पनि प्रदेश सरकारबाट रङ्गशालाका लागि बजेट छुट्याएको जानकारी पाए पनि डिपीआरका लागि करिब रु ११ करोड रकम आवश्यक पर्ने भएकाले सोहीअनुसार अनुरोध गरिने बताउनुभयो ।

'मैले भारत सरकारले लगानी गर्न नेपालबाट विस्तृत परियोजना प्रतिवेदन माग भएको र सोही आधारमा यही असार २४ गते परिषद्का सदस्य सचिवस्तरीय निर्णयबाट प्रदेश सरकारलाई बजेट विनियोजनका लागि अनुरोध गरेको जानकारी पाएँ', पूर्वेले रासससँग भन्नुभयो, 'यो मेरो लागि र सिङ्गो मधेस प्रदेश तथा नेपालकै लागि खुसीको कुरा हो । प्रदेश सरकारले प्रतिवेदनका लागि लगानी गरेमा रङ्गशाला निर्माण गर्ने वर्षौंदेखिको सपना पूरा हुनेछ भन्ने आशा जागेको छ ।'

उहाँले डिपीआर बनाउन अन्तर्राष्ट्रिय विज्ञको टोली आउनुपर्ने भएकाले रु ११ करोड लागत अनुमान गरिएको बताउनुभयो । पूर्वेले जनकपुरधाममा रङ्गशाला निर्माणका लागि विसं २०६६ देखि अभियान सुरु गर्नुभएको थियो ।

त्यसको नौ वर्षपछि २०७४ मङ्सिर ३ गते जनकपुरधाम-१४ स्थित गुठी संस्थानको १६-१७-१९-१ बिघा क्षेत्रफल जग्गा ३० वर्षका लागि वार्षिक रु नौ लाखमा भाडा तिर्ने गरी सम्झौता भएको थियो । त्यसयता रङ्गशाला निर्माणका लागि सङ्घ र प्रदेश सरकारबाट पटकपटक गरी रु १० करोडभन्दा बढी बजेट विनियोजन भई केही रकम मात्रै कार्यान्वयन भएको छ । आगामी आवको बजेटमा पनि डिपीआरका लागि रु एक करोड र निर्माणका लागि केही रकम छुट्याएको अनौपचारिक जानकारी पाएको पूर्वेले बताउनुभयो । 'सचिवज्यूले रु एक करोड छुट्याउन प्रस्ताव पेश गरेको जानकारी दिए पनि अर्थमन्त्रीज्यूसँग बुझ्दा पर्याप्त बजेट छुट्याइएको छ भन्ने जानकारी पाएको छु । यहीबीचमा परिषद्को पत्र आएपछि कम्तीमा रु ११ करोड बजेट आवश्यक पर्छ भन्ने हाम्रो अनुमान हो । अब बजेट सुनिश्चितताका लागि सबैको सहयोग आवश्यक छ', पूर्वेले भन्नुभयो ।

नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयले रङ्गशाला निर्माणका लागि विसं २०६६ मै अनुमानित लागत रु छ अर्ब १९ करोड १८ लाख छ हजार पाँच सय १२ लाग्ने जनाइसकेको छ ।

# मन्त्री परिषदलाई पूर्णता दिने मधेश सरकारको तयारी: मन्त्रालयको संख्या नबढाइने,भएकैबाट मिलाउने

**खबर दर्पण समाचारदाता**

**साउन १० गते, जनकपुर**

मधेशका मुख्यमन्त्री सारोजकुमार यादवले मन्त्री मण्डललाई पूर्णता दिने तयारी गरेका छन् । आगामी शुक्रबारसम्म मन्त्री मण्डललाई पूर्णता दिने मुख्यमन्त्री यादवले बताए ।

११ जेठमा पाँचौ पटक मन्त्री मण्डल विस्तार गरेपनि अझै अपुरो छ । सत्ता गठबन्धनमा भागवण्डा नमिल्दा गृह संचार तथा कानुन मन्त्रालय र श्रम तथा यातायात मन्त्रालय मुख्यमन्त्री यादव आफै सित राखेका छन् । दुई मन्त्री र दुई राज्यमन्त्री विना विभागीय छन् ।

जसपाबाट तत्कालिन समाजिक विकास मन्त्री सुरिता साह र राज्यमन्त्री शेख अब्दुल कलाम आजाद छन् भने भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय खोसेर एकीकृत समाजवादीलाई दिएपछि जनमतका वसन्त कुशवाहा र राज्यमन्त्री संजय कुमार यादव विना विभागीय छन् । नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र र लोसपा थप एक-एक मन्त्रालय दावी गर्दै आएको छ । दुई मात्र मन्त्रालय खाली छ । हाल सरकारमा मुख्यमन्त्रीसहित तीन मन्त्रालय जसपा, दुई मन्त्राल काँग्रेस, जनमत, लोसपा, माओवादी केन्द्र र एकीकृत समाजवादीलाई एक-एकवटा मन्त्राय छ ।

विना विभागीयलाई नै दुई मन्त्रालयमा व्यवस्थापन गर्नु पर्ने र काँग्रेस, लोसपा, नेकपा माओवादी र एकीकृत समाजवादीले थप एक एक मन्त्रालय माग गर्दा मन्त्री परिषद पूर्णता अन्योल छ ।

तर, मुख्यमन्त्री यादव अब बराबर ९-९ सिटका लोसपा र माओवादीलाई अब थप मन्त्रालय नदिने वातावरण बनाएको बताए ।

उनका अनुसार माओवादी केन्द्रका अध्यक्ष समेत रहेका प्रधानमन्त्री पुष्पकमल दहा र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालसित थप मन्त्रालय दिन नसकिने कुरा निष्कर्श लागेको छ । त्यस अनुसार अब माओवादीकै हैसियतमा रहेको लोसपालाई मन्त्रालय नदिने मनस्थितिमा मुख्यमन्त्री यादव छन् ।

अब पूर्व सहमति काँग्रेसलाई एक र विना विभागीय दुई मन्त्रीलाई बाँकी रहेको दुई मन्त्रालयबाट कसरी व्यवस्थापन गर्ने भन्ने चुनौती मुख्यमन्त्री यादवलाई छन् । सत्ता गठबन्धन दलहरुले थप मन्त्रालय दिनु पर्ने दबाब बनाएपछि मन्त्रालयको संख्या बढाउने विमर्श चलेको थियो ।

'प्रधानमन्त्री प्रचण्डजीले पनि माओवादीलाई थप एकवटा मन्त्रालय दिनु पर्छ भनेर भन्नु भयो । मैले भने उसो भए मन्त्रालयको संख्या बढाउनु पर्छ । तयसपछि उहाँले भन्नु भयो त्यसो नगर्नुस' मुख्यमन्त्री यादवले सुनाए ।

मुख्यमन्त्री यादवले अब मन्त्रालय तोड्ने हिसाबले काम नगर्ने र बाँकी दुईवटै मन्त्रालयमा आपसी सहमति गरी मन्त्री परिषदलाई पूर्णता दिने बताए ।

काँग्रेसले सभामुखको माग राखेका थिए । सभामुख सुरुकै गठबन्धनमा नेकपा एमालेबाट रामचन्द्र मण्डल बनेका छन् । उनलाई महाअभियोग लगाएर हटाउन मुख्यमन्त्री लगायत गठबन्धनमा कर गरेको थियो । तर बिना कारण सभामुख हटाउनु अनुचित हुने भएकाले नहटाइने निष्कर्शमा मुख्यमन्त्री यादव छन् ।

'सभामुख हटाउने पद होइन । सभामुखले केही गलत काम गर्छ भने महाअभियोग लगाएर हटाउन सकिन्छ । सही र निष्पक्ष काम गर्नेलाई बहुमतको बलमा हटाएर अर्को नियुक्ति गर्न उचित होइन । काँग्रेसबाट यो प्रस्ताव आएको थियो' मुख्यमन्त्री यादवले थपे ।

मधेश सरकारमा एक मुख्यमन्त्री कार्यालयसहित ११ मन्त्रालय छ । जसमा तीन राज्यमन्त्रीसहित १४ सदस्य मन्त्री मण्डल छन् ।


जन्मको ३५ दिन भित्र आ-आफ्ना वडा कार्यालयमा गई बच्चाको जन्मदर्तागराऔं र असल अभिभावकको जिम्मेवारी बहन गरौं ।

**बटेश्वर गाउँपालिका**

**बटेश्वर, धनुषा**


# अटो दुर्घटनामा एकै परिवारका आठ जना घाइते




**खबर दर्पण समाचारदाता**

**साउन १० गते, महोत्तरी**

महोत्तरीमा अटो दुर्घटना हुँदा एकै परिवारका आठ जना घाइते भएका छन् भने दुई जनाको अवस्था घम्भिर भएको छ ।

बुधबार बेलुका करिब ६ बजे जलेश्वर-बर्दिवास सडक खण्डमा पर्ने औरही नगरपालिकाको कार्यालय अगाडी जलेश्वरबाट बर्दिवास जादै गरेको ज.१ स ११२१ नम्बरको तिन पांग्रे अटो सडकमा रहेको बाख्रा बचाउने क्रममा सो दुर्घटना भएको हो ।

अटोमा सवार गौशाला नगरपालिका वडा न. ३ नवराजपुर निवासी सत्रुधन तिवारीको श्रीमती र छोरा छोरि लगायत आठ जना दुर्घटनामा परेका छन् ।

सत्रुधन तिवारीको अवस्था गंभिर रहेको हुनाले उपचार औरही नगर पालिका १ औरही बजार स्थित रहेको राधा कृष्ण स्वास्थ्य क्लिनिकमा उपचार भईरहेको छ । घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरी चौकी औरहीले जनाएको छ ।







खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा